जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १६४ • २०८२ चैत्र २२ गते आईतवार • 5 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

## दलित समुदायप्रति ऐतिहासिक विभेदका लागि सार्वजनिक रूपमा माफी मागिएको विषयले राष्ट्रिय राजनीतिमा नयाँ बहस

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २१ चैत्र

चैत १९ गते बसेको संसद बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेद्वारा दलित समुदायप्रति ऐतिहासिक विभेदका लागि सार्वजनिक रूपमा माफी मागिएको विषयले राष्ट्रिय राजनीतिमा नयाँ बहस जन्माएको छ।

यसै सन्दर्भमा वरिष्ठ राजनीतिज्ञ रोशन जनकपुरीले माफीलाई सकारात्मक मान्दै त्यसलाई व्यवहारमा रूपान्तरण गर्न ठोस कानुनी र सामाजिक पहल अपरिहार्य रहेको बताएका छन्। जनकपुरीले भने, ‘इतिहासमा भएको अन्याय स्वीकार्दै माफी माग्नु आफैंमा महत्वपूर्ण कदम हो। तर, यदि त्यो माफी भाषणमै सीमित रह्यो भने यसको अर्थ कमजोर हुन्छ।

वास्तविक परिवर्तन त तब देखिन्छ, जब राज्यले संरचनागत विभेद अन्त्य गर्न स्पष्ट नीति र कानुन ल्याउँछ।’



उनले संसदमा व्यक्त गरिएको भावनाले दलित समुदायमा केही हदसम्म सम्मानको अनुभूति दिलाएको स्वीकार गरे।

दलित अभियन्ता खगेन्द्र सुनार जस्ता व्यक्तिहरूले यसलाई सकारात्मक रूपमा लिएको उल्लेख गर्दै उनले भने, ‘गौरवको अनुभूति हुनु स्वाभाविक हो। तर, त्यसले वास्तविक सामाजिक यथार्थलाई छोप्नु हुँदैन।’ जनकपुरीले

हिन्दू समाजमा शताब्दीयौँदेखि जरा गाडेको जातीय विभेद व्यक्तिगत व्यवहारको विषय मात्र नभई संरचनागत समस्या भएको औंल्याए। ‘हाम्रो समाजमा अझै पनि मन्दिर, धार्मिक अनुष्ठान र परम्परागत संस्कारहरूमा विभेदको अभ्यास देखिन्छ।

यो अतीतको कुरा मात्र नभई वर्तमानको यथार्थ हो,’ उनले भने। उनका अनुसार संविधानले समानताको ग्यारेन्टी गरे पनि व्यवहारमा विभेद कायम रहनु गम्भीर चिन्ताको विषय हो। ‘संविधानले सबै नागरिकलाई समान अधिकार दिएको छ।

तर, व्यवहारमा दलित समुदायले अझै पनि मन्दिर प्रवेश, सामाजिक समारोह र धार्मिक गतिविधिमा विभेद झेल्नुपरेको अवस्था छ,’ उनले थपे। विशेषगरी पशुपतिनाथ मन्दिर र जानकी मन्दिर जस्ता प्रमुख धार्मिक स्थलहरूमा सबै समुदायको समान पहुँच सुनिश्चित गर्नुपर्नेमा उनले जोड दिए। ‘यदि राज्य साँच्चिकै समावेशी बन्न चाहन्छ भने मन्दिर प्रवेशमा कुनै पनि किसिमको अवरोध हुन दिनु हुँदैन। अवरोध गर्नेहरूमाथि कानुनी कारबाही हुनुपर्छ,’ उनले स्पष्ट पारे।

जनकपुरीले परम्परा र संस्कृतिको नाममा विभेदलाई निरन्तरता दिनु स्वीकार्य नहुने बताए। ‘रीतिरिवाजले समाजको मनोविज्ञान निर्माण गर्छ। यदि त्यही रीतिरिवाजले असमानता सिकाउँछ भने त्यसलाई सुधार गर्नु नै प्रगतिशील समाजको दायित्व हो,’ उनले भने। उनले ग्रामीण क्षेत्रहरूमा अझै पनि भोज, संस्कार र सामाजिक कार्यक्रमहरूमा दलितलाई अलग व्यवहार गरिने अभ्यासलाई ‘अदृश्य तर गहिरो विभेद’ को रूपमा चित्रण गरे। ‘यो कानुनमा लेखिएको हुँदैन। तर, व्यवहारमा गहिरो रूपमा स्थापित छ।

यस्तो विभेद अन्त्य नगरी समानताको कुरा गर्नु औपचारिकता हुन्छ,’ उनले टिप्पणी गरे। राष्ट्रिय स्वतन्त्र पार्टीलाई संकेत गर्दै उनले वर्तमान राजनीतिक परिस्थितिलाई अवसरका रूपमा लिन आग्रह गरे। ‘यदि सरकारसँग पर्याप्त बहुमत छ भने दलित अधिकार सुनिश्चित गर्ने स्पष्ट र कडा कानुन ल्याउने यो उपयुक्त समय हो,’ उनले भने। जनकपुरीले धार्मिक सहिष्णुता र मानवतावादलाई जोड दिँदै भने, ‘धर्मले मानिसलाई जोड्नुपर्छ, विभाजन गर्न होइन।

सबैभन्दा ठूलो धर्म मानवता हो। यदि हामीले सबै नागरिकलाई समान रूपमा सम्मान गर्न सकेनौँ भने कुनै पनि माफीको अर्थ रहँदैन।’




## अज्ञात व्यक्तिबाट गरिएको आगजनीका कारण ठूलो परिमाणमा अन्नबाली नष्ट

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २१ चैत्र



धनुषाको मिथिलाबिहारी नगरपालिकामा अज्ञात व्यक्तिबाट गरिएको आगजनीका कारण ठूलो परिमाणमा अन्नबाली नष्ट भएको छ। मिथिलाबिहारी नगरपालिका-५ मा रहेको वडाध्यक्ष सुरेन्द्र कुमार मण्डलको खेतमा काटेर राखिएको जौमा आगो लगाइँदा करिब ५ कट्ठा क्षेत्रफलको बाली पूर्णरूपमा जलेर नष्ट भएको हो।

स्थानीयका अनुसार गएराति अज्ञात व्यक्तिले खेतमा थन्क्याएर राखिएको जौको कून्यूमा आगो सल्काइदिएका थिए। आगलागीबाट जौबाली मात्र नभई खेत नजिकै पोखरीको डिलमा लगाइएका साना बोटबिरुवा तथा केही रुखहरू पनि जलेर नष्ट भएका छन्। घटनाबारे जानकारी दिँदै वडाध्यक्ष मण्डलले भने, ‘मैले मेहनत गरेर लगाएको जौबाली यसरी जलेर नष्ट हुँदा ठूलो क्षति पुगेको छ। कसले र किन यस्तो गरेको हो, अहिलेसम्म थाहा हुन सकेको छैन।’ प्रहरीका अनुसार घटनाको जानकारी पाएलगत्तै टोली घटनास्थल पुगेर प्रारम्भिक अनुसन्धान थालेको छ। यद्यपि आगो कसले लगाएको भन्ने विषय अझै खुल्न सकेको छैन। घटनामा संलग्न व्यक्तिको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

स्थानीय बासिन्दाहरूले पछिल्लो समय यस्ता आपराधिक गतिविधि बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरेका छन्। उनीहरूले दोषीलाई तत्काल पहिचान गरी कडा कारबाही गर्न माग गरेका छन्।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




# नीजि सञ्चारलाई बचाऊ

राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा ठूलो प्रशंसा प्राप्त गरेको अहिलेको बालेन सरकारको सरकारी सञ्चार गृहसँग मात्र विज्ञापन प्रकाशन गर्ने गराउने भएको निर्णयले नेपाली नीजि मिडियाजगत नराम्रोसँग प्रभावित बन्न पुगेको देखिन्छ। यति मात्र होइन, प्रेस काउन्सिल नेपाल,७७ वटै जिल्लाका नेपाल पत्रकार महासंघ तथा विभिन्न पत्रकार तथा प्रकाशकसँग सम्बन्धीत संघसंस्थाहरु बालेन सरकारलाई निर्णय सच्याउन केहि दिनको अल्टिमेटम दिनुका साथै निर्णय नसच्याईए चरणबद्ध रुपमा शान्तिपूर्ण बिरोधका कार्यक्रमहरु सार्वजनिक गर्ने चेतावनी समेत दिएका छन् ।

यस परिवेशमा बालेन सरकार अर्थात रास्वपालाई अहिलेसम्मको सफलता प्राप्तिमा नीजि मिडियाको उत्तिकै भूमिका रहेको कुरा व्यवहारिक रुपमा नबिर्सिदिदा अझै सुनमा सुगन्ध हुने थियो ।

कानुनी कुरा गर्दा, बालेन सरकारले राज्यको तीन वटा प्रमुख अंग झैं, मिडिया पनि चौथो प्रमुख अंग रहेको बुझ्नु पर्दछ । नेपालको संविधानले समेत प्रेस स्वतन्त्रताको हन्न तथा नीजि तथा सरकारी सम्बन्धी कुनै पनि भेदभावपूर्ण कुरा नगरेको हुँदा यसलाई स्वस्फूर्तरुपमा चल्न दिनु नै बालेन सरकारको सञ्चार क्षेत्रप्रतिको उच्च सम्मान हुने देखिन्छ।

बालेन सरकारले यस्तो किन गर्यो होला भन्ने कुरा गर्दा, शायद उनलाई नीजि सञ्चारगृहहरुले विभिन्न ठेक्का तथा अन्य सूचनाहरुमा अनियमितता गरेको वा सरकारी कार्यालयहरुले नीजि सञ्चारगृहलाई आफ्नो स्वार्थका लागि प्रयोग गरेको वा भ्रष्टाचारमा नीजि सञ्चारगृहको समेत संलग्नता रहेको आशंका भए,पुष्टिका आधारमा कानुन सम्बत दण्डसजायमा कठोरता अपनाउदा बेश हुन्थ्यो जस्तो लाग्दछ। तर यस किसिमले मात्र नीजि सञ्चार क्षेत्रलाई लक्षित गर्नु नीजि सञ्चारलाई कमजोर बनाउने सबैको बुझाई रहेकोले यसलाई अबिलम्ब सच्याउन जरुरी देखिन्छ।

# मोबाइल किनबेच सम्बन्धी विवादले भयावह मोड लिँदा एक युवक गम्भीर घाइते

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २१ चैत्र**

सामान्य देखिने मोबाइल किनबेच सम्बन्धी विवादले जनकपुरधाममा भयावह मोड लिँदा एक युवक गम्भीर घाइते भएका छन् । शुक्रबार जनकपुरधाम उपमहानगरपालिका -२ स्थित एक मोबाइल पसलमा भएको खुकुरी आक्रमणले सिंगो क्षेत्रलाई स्तब्ध बनाएको छ ।

प्रहरीका अनुसार 'मोबाइल मल' नामक पसलमा मोबाइल खरिदसम्बन्धी विवाद चर्किंदा ग्राहक निर्भय मिश्राले पसलमा कार्यरत नवीन कुसियैतमाथि खुकुरी प्रहार गरेका थिए । प्रत्यक्षदर्शीहरूका अनुसार सामान्य भनाभनबाट सुरु भएको विवाद




केहीबेरमै नियन्त्रण बाहिर गएको थियो । धनुषा प्रहरीका प्रवक्ता गणेशबहादुर बमले भने, 'दुवै पक्षबीच मोबाइलको किस्ता तिर्ने विषयमा विवाद भएको देखिन्छ। सोही क्रममा आक्रमणकारीले चारदेखि पाँच पटकसम्म खुकुरी प्रहार गरेका छन्।' उनका अनुसार घटनाको प्रकृति गम्भीर रहेको र विस्तृत अनुसन्धान भइरहेको छ।

गम्भीर घाइते कुसियैतलाई तत्कालै प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना गरिएको छ । चिकित्सकका अनुसार उनको अवस्था चिन्ताजनक भए पनि उपचार जारी रहेको छ ।

टाउको र शरीरका विभिन्न भागमा गहिरो चोट लागेको बताइएको छ । उता, घटनामा संलग्न मिश्रालाई प्रहरीले घटनास्थलबाटै नियन्त्रणमा लिएको छ । हाल उनीमाथि ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा दर्ता गर्ने तयारी भइरहेको प्रहरीले जनाएको छ । पसल सञ्चालक सदाम राइनका अनुसार मिश्राले करिब ६ महिना अघि ईएमआई (किस्ता प्रणाली) मा मोबाइल खरिद गरेका थिए । 'तीन महिनादेखि किस्ता नतिरेपछि हाम्रो कर्मचारीले बारम्बार ताकेता गर्दै आएका थिए । त्यही विषयमा विवाद बढ्दै जाँदा यस्तो अप्रिय घटना भयो,' उनले भने । स्थानीय व्यवसायीहरूका अनुसार पछिल्लो समय किस्ता प्रणालीमा सामान खरिद गर्ने र भुक्तानी नगर्ने समस्या बढ्दो क्रममा रहेको छ ।


## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ । यसका लागि लामखुट्टेको नियन्त्रण नै उतम उपाय हो । लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं

## डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
सोनमा गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


# अनिश्चितकालीन गौशाला बजार बन्दको घोषणा



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २१ चैत्र**

गौशाला नगरपालिका-५ का वडाध्यक्ष ओमप्रकाश गुप्ताले गौशाला बजार अनिश्चितकालीन बन्दको घोषणा गरेका छन्। बजार क्षेत्रको अतिक्रमित जग्गा खाली गराउने क्रममा भेदभावपूर्ण गतिविधि भएको आरोप लगाउँदै उनले यस्तो घोषणा गरेका हुन् ।

उनले भने, "बजारभित्रका अतिक्रमित संरचना हटाउने क्रममा भेदभाव गरिएको छ। अग्रिम रूपमा दिइएको सूचनाको उल्लंघन गर्दै केही स्थानीय अभियानीहरूले व्यक्तिगत संरचनामा क्षति पुऱ्याएका छन्। असन्तुष्ट व्यापारी तथा व्यवसायीहरूको माग सम्बोधन नभएसम्म बजार बन्द रहनेछ ।" शनिबार गौशाला नगरपालिकाको कार्यालय तथा स्थानीय युवाहरूको एक समूहले केही व्यक्तिको सम्पत्तिमा क्षति पुऱ्याएको बताइएको छ ।

## तपाईको टुडे

- मेष: अनावश्यक चिन्ता
- वृष: लामो यात्राको योग छ
- मिथून: आम्दानी हुने
- कर्कट: मनमा पछुतो आउने
- सिंह: शुभ कार्यको शुरुवात
- कन्या: खानपानमा समस्या आउने
- तुला: विचार गरेर बोल्नुहोला
- वृश्चिक: मित्रतामा फाटो आउने
- धनु: अनावश्यक खर्चको संभावना
- मकर: पिछडेको साथी मिल्ने
- कूम्भ: अशुभ समाचार प्राप्त हुने
- मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# इजरायलले इरानको पेट्रोकेमिकल क्षेत्रमा गऱ्यो आक्रमण

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ चैत्र



इजरायलले शनिबार इरानको दक्षिणी खुजेस्तान प्रान्तको महशहर पेट्रोकेमिकल विशेष आर्थिक क्षेत्रमा आक्रमण गरेको छ । फार्स समाचार एजेन्सीका अनुसार उक्त क्षेत्रमा धेरै विस्फोटहरू भएका छन् । त्यसपछि घटनास्थलबाट धुवाँ निस्किएको थियो ।

इजरायली सुरक्षा स्रोतहरूले पनि इजरायलको वायु सेनाले आक्रमण गरेको पुष्टि गरेका छन्। तीन कम्पनीहरूलाई लक्षित गरिएको थियो । रिपोर्टहरूले आक्रमणमा पाँच जना घाइते भएको संकेत गर्दछ। दक्षिण पश्चिम इरानको बुशेहर आणविक प्लान्ट नजिकै एउटा प्रक्षेपण पनि खसेको रिपोर्ट गरिएको छ, जसमा एक जनाको मृत्यु भएको छ। इजरायली सेनाले शुक्रबार इरानी वायु रक्षा स्थलहरूमा आक्रमण गरेको दाबी गरेको छ । यसबाहेक, इजरायलले हतियार अनुसन्धान र विकासमा संलग्न सैन्य अड्डामाथि पनि आक्रमण गरेको छ ।

तेहरानको एक संगीत विद्यालय पनि हवाई आक्रमणमा पूर्ण रूपमा ध्वस्त भएको छ । इरानले शुक्रबार दुई अमेरिकी लडाकु विमानहरू खसालेको दाबी गरेको छ। यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भनेका छन् कि इरानमा अमेरिकी लडाकु जेट खसाल्दा दुई देशहरू बीचको वार्तामा कुनै असर पर्ने छैन । यता इरानले अमेरिकी लडाकु जेटको पाइलटलाई पक्राउ गर्नेलाई १० अर्ब इरानी तोमान पुरस्कार घोषणा गरेको छ । इरानको राज्य सञ्चालित मिडिया आईआरआईबीका एक एंकरले नागरिकहरूलाई अमेरिकी पाइलटलाई जीवितै पक्राउ गर्न र सरकारी अधिकारीहरू वा सेनालाई सुम्पन अपील गरेका छन् ।

# किसानको मकैबालीमा बाँदरको आतंक

गणेशकुमार सिंह
महोत्तरी, २१ चैत्र



महोत्तरी जिल्लाको गौशाला नगर पालिका वडा नं. १२ कान्तिबजार का किसान राजकिशोर महतोको करिब ५ कट्ठा क्षेत्रफलमा लगाइएको मकैबाली बादरले खाएर पूर्ण रूपमा नष्ट गरेको छ। स्थानीय किसानहरूका अनुसार पछिल्लो समय लगातार वन्यजन्तुको आतंक बढ्दै गएको छ। कहिले जंगलि बदेल, कहिले बादर त कहिले नीलगाईको आक्रमणका कारण खेतबारीमा लगाइएको बाली नष्ट हुँदा किसानहरू गम्भीर समस्यामा पर का छन्। यसले गर्दा किसानहरू निराश र चिन्तित बनेका छन्। कृषि नै मुख्य आयस्रोत रहेको यस क्षेत्रका किसानहरू यस्ता समस्याका कारण आर्थिक रूपमा समेत प्रभावित भइरहेका छन्।बारम्बार हुने क्षतिका कारण उनीहरूको जीविकोपार्जनमा प्रत्यक्ष असर परेको छ।यस समस्याप्रति गौशाला नगरपालिका कृषि शाखा, वडा नं. १२ का जनप्रतिनिधि तथा कृषि ज्ञान केन्द्र महोत्तरी लगायत सम्बन्धित सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराइएको छ। स्थानीयहरूले वन्यजन्तु नियन्त्रण, क्षतिपूर्ति व्यवस्था तथा दीर्घकालीन समाधानका लागि तत्काल पहल गर्न माग गरेका छन्। किसानहरूको सुरक्षाका लागि प्रभावकारी योजना लागू गरी यस्ता घटनाको पुनरावृत्ति रोक्न आवश्यक देखिएको छ ।

# नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशको अध्यक्षमा साहको उम्मेदवारी

मो.इसराफिल राइन
महोत्तरी, २१ चैत्र




मटिहानी नगरपालिका-८ निवासी विजय कुमार साहले नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशको अध्यक्ष पदमा उम्मेदवारी दर्ता गरेका छन् । साहले यही चैत्र २४ गते हुने महासंघको निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्दै उद्योगी, व्यवसायी र व्यापारी वर्गको हितमा आफ्नो प्राथमिकता केन्द्रित रहेको बताएका छन् ।

उहाँले भने, "उद्योगी व्यवसायी र व्यापारीहरूको उत्थान, समृद्धि एवं सुरक्षाका क्षेत्रमा काम गर्नु नै मेरो मुख्य लक्ष्य हो ।" उद्योगी तथा व्यापारीहरूको प्रतिनिधित्व गर्दै विजय कुमार साहले प्रदेशस्तरीय चुनौतीहरूको समाधानमा सक्रिय भूमिका निर्वाह गर्ने वाचा पनि गरेका छन् । निर्वाचनमा मधेश प्रदेशका आठवटै जिल्लाका उद्योग वाणिज्य संघका १८ अध्यक्ष र एसोसिएट संस्थाका ३८ सदस्य गरी कुल ५६ मतदाता रहनेछन् । यस निर्वाचनले प्रदेशको उद्योग तथा व्यापार क्षेत्रको नेतृत्व चयन गर्नेछ । विजय कुमार साह नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य (वि.सं. २०७७-७९) तथा महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष (वि.सं. २०६३-२०७१) रहेका छन्। दुई कार्यकालको अनुभवसहित उहाँ उद्योग क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आएका व्यक्तित्व हुन्। यो अनुभवले प्रदेशस्तरीय नेतृत्वमा थप प्रभावकारी योगदान दिने अपेक्षा गरिएको छ । निर्वाचन चैत्र २४ गते हुने भएकाले उम्मेदवारहरूबीच प्रतिस्पर्धा तीव्र बनेको छ। उद्योगी तथा व्यापारी वर्गले यस निर्वाचनलाई प्रदेशको आर्थिक विकासको महत्वपूर्ण अवसरको रूपमा लिएका छन् ।

# एनएनआईपीए स्पोर्टस् अवार्डमा स्यान्टु र एरिका वर्ष सर्वोत्कृष्ट खेलाडी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ चैत्र



टेबलटेनिसका स्यान्टु श्रेष्ठ र करातेकी एरिका गुरुङले २०औं एनएनआईपीए स्पोर्टस् अवार्डअन्तर्गत सर्वोत्कृष्ट खेलाडीको अवार्ड जितेका छन् ।

नेपाल राष्ट्रिय तथा अन्तरराष्ट्रिय खेलाडी सङ्घ ( एनएनआइपीए) को आयोजना तथा स्थानीय आयोजकका रूपमा काभ्रेको बनेपा नगरपालिकासँगको समन्वयमा चण्डेश्वरी मन्दिर परिसरमा एक कार्यक्रमका बीच दुवैलाई उक्त अवार्डसहित जनही रु एक लाख नगदबाट पुरस्कृत गरिएको एनएनआइपीएले जनाएको छ । प्रतिभाशाली खेलाडी अवार्ड पुरुषतर्फ तेक्वान्दोका अभिषेक बराल र महिलातर्फ बक्सिङकी स्वस्तिका तिरुवाले हात पारेका छन् । उनीहरूलाई ट्रफीसहित जनही रु ५० हजार नगद पुरस्कार प्रदान गरिएको हो । गजराज जोशी आदर्श खेल व्यक्तित्व पुरस्कार भलिबल प्रशिक्षक कुमार राईले प्राप्त गर्दा फोटो पत्रकार उदिप्तसिंह क्षेत्री एनएनआईपीए खेल पत्रकारिता पुरस्कारबाट पुरस्कृत भएका हुन् । दुवैले जनही रु ३५ हजार नगद पुरस्कार पाएका छन्। वर्ष उत्कृष्ट पारा खेलाडीको अवार्ड एथलेटिक्सकी प्रभा आङडेम्बेले जितिन् । प्रभाले रु १५ हजार नगद पुरस्कार पाइन् । त्यसअघि विभिन्न २६ खेलका खेलाडीलाई वर्ष उत्कृष्ट खेलाडी-२०८२ बाट पुरस्कृत गरिएको थियो ।






# परीक्षामा प्राप्ताङ्क महत्वपूर्ण हो, सर्वस्व होइन



-सरकारले कक्षा ५ सम्मका बालबालिकालाई लिखित परीक्षा नलिने नीति ल्याउनु सकारात्मक र बालमैत्री कदम हो। अंक र ग्रेडभन्दा बढी बालबालिकाको समग्र विकास, सिर्जनशीलता, व्यवहार र सीपको मूल्यांकनमा जोड दिनुपर्छ । अन्ततः, अंक महत्त्वपूर्ण भए पनि बालबालिकाको भविष्य उनीहरूको सपना, क्षमता र आत्मविश्वासमा निर्भर हुन्छ ।

सरकारले कक्षा ५ सम्मका बालबालिकालाई लिखित वा संरचित परीक्षामार्फत मूल्यांकन नगर्ने नीति ल्याएको छ, जुन अत्यन्त सकारात्मक र बालमैत्री कदम हो । किनकि, यसले बालबालिकाको समग्र विकास जस्तै व्यवहार, सहभागिता, सिर्जनशीलता, सामाजिक सीप र सिकाइ प्रक्रियालाई ध्यानमा राखेर मूल्यांकन गर्ने अवसर प्रदान गर्छ। आजको शिक्षा प्रणालीमा अंक र ग्रेडलाई अत्यधिक महत्त्व दिइन्छ। धेरैजसो अभिभावक र विद्यालयले बालबालिकाको क्षमता र भविष्य केवल परीक्षा परिणामका आधारमा मापन गर्ने गर्छन् । साथै, अभिभावकहरूले आफ्ना बालबालिकालाई अरूसँग तुलना गर्ने प्रवृत्ति पनि बढ्दो छ, जसले बालबालिकालाई निरुत्साहित गराउन सक्छ । अरूसँग तुलना गर्दा बालबालिकामा आत्मविश्वास घट्ने, तनाव बढ्ने र सिकाइप्रति रुचि कम हुने सम्भावना रहन्छ । यसले बालबालिकाको वास्तविक क्षमतालाई नै ओझेलमा पार्न सक्छ ।

हालको शैक्षिक अभ्यास हेर्दा बालबालिकामा समयभन्दा अगाडि सिकाइ गराउने प्रवृत्ति बढ्दो देखिन्छ । साना उमेरमै जटिल विषयहरू सिकाउन खोज्दा उनीहरूको मानसिक र भावनात्मक विकासमा असर पर्न सक्छ। यसले सिकाइलाई सहज र रमाइलो बनाउनुको सट्टा बोझिलो बनाइरहेको छ। त्यसैगरी, शिक्षा क्षेत्रमा अत्यधिक प्रतिस्पर्धा बढ्दै गएको छ । विद्यार्थीहरूलाई अरूसँग तुलना गर्ने, उच्च अंक ल्याउन दबाब दिने र सधैं उत्कृष्ट हुनुपर्ने अपेक्षाले उनीहरूमा तनाव र चिन्ता बढाइरहेको छ। यस्तो अवस्थामा सिकाइ प्रक्रिया आनन्ददायी नभई तनावपूर्ण बन्दै गएको छ।

अहिलेको मूल्यांकन प्रणाली मुख्यतया सीमित समयमा ठूलो कागजमा लेख्ने परीक्षामा आधारित छ। यो प्रक्रिया 'दिमागमा जम्मा गराउने र कागजमा निकाल्ने' जस्तो हुन्छ, जसले घोकन्ते प्रणालीलाई बढावा दिन्छ र वास्तविक बुझाइलाई कमजोर बनाउँछ। यस्तो अवस्थामा धेरै बालबालिकाहरू परीक्षा समयमा नर्भस हुने, डराउने वा मानसिक रूपमा अस्थिर हुने गर्छन्। कतिपय विद्यार्थीहरूमा राम्रो ज्ञान हुँदाहुँदै पनि व्यक्त गर्न सक्ने अवस्था हुँदैन। त्यसैले, यस्तो परीक्षा प्रणालीलाई बालबालिकाको सही मूल्यांकन भन्न सकिँदैन। दुर्भाग्यवश, अहिलेको शिक्षा प्रणालीले जीवनोपयोगी सिकाइ र आत्मपरक सोचलाई पर्याप्त स्थान दिन सकेको छैन । विद्यार्थीहरूले केवल पाठ्यपुस्तकमा सीमित ज्ञान होइन, जीवनमा उपयोगी सीप, निर्णय क्षमता, आत्मचिन्तन र समस्या समाधान गर्ने क्षमता पनि सिक्न आवश्यक हुन्छ। यस्तो सन्दर्भमा, विश्वका केही विकसित शिक्षा प्रणालीहरूले पनि प्रारम्भिक कक्षाहरूमा परीक्षामुखी मूल्यांकनभन्दा सिकाइ प्रक्रियालाई प्राथमिकता दिएका छन् । जस्तै, सिंगापुरमा कक्षा ५ सम्मका बालबालिकामा औपचारिक परीक्षा कम गर्दै, निरन्तर मूल्यांकन, कक्षा सहभागिता र सीप विकासमा केन्द्रित अभ्यासहरू लागू गरिएको छ। यसर्थ, बालमैत्री र समग्र विकासमुखी मूल्यांकन विश्वव्यापी रूपमा स्वीकार्य र प्रभावकारी छ। त्यसैले अब शिक्षण र मूल्यांकन प्रणालीमा परिवर्तन गरियोस् । मूल्यांकनलाई अंकमा मात्र सीमित नराखी रचनात्मक मूल्यांकनलाई प्राथमिकता दिनुपर्छ, जसले सिकाइ प्रक्रियामा सुधार ल्याउन सहयोग गर्छ। त्यस्तै, निरन्तर मूल्यांकनमार्फत विद्यार्थीको प्रगति क्रमिक रूपमा बुझ्न सकिन्छ। साथै, वैकल्पिक मूल्यांकन जस्तै, परियोजना कार्य, प्रस्तुति, व्यवहार अवलोकन, पोर्टफोलियो आदिमार्फत विद्यार्थीको वास्तविक क्षमता मूल्यांकन गर्न सकिन्छ। विशेषगरी, परियोजना आधारित सिकाइले विद्यार्थीलाई व्यावहारिक रूपमा सिक्ने, समस्या समाधान गर्ने र सहकार्य गर्ने अवसर प्रदान गर्छ भने सीपमूलक गतिविधिमार्फत उनीहरूको व्यावहारिक सीप विकास गर्न सकिन्छ। यससँगै, शिक्षामा मूल्यमा आधारित शिक्षालाई प्राथमिकता दिनुपर्छ, जसले बालबालिकामा नैतिकता, सहानुभूति, जिम्मेवारी र अनुशासन विकास गर्छ । प्रविधिको समायोजनले सिकाइलाई रोचक, अन्तरक्रियात्मक र सन्दर्भयुक्त बनाउँदै डिजिटल उपकरण, मल्टिमिडिया र अनलाइन स्रोतहरूको प्रयोगमार्फत बालबालिकाको जिज्ञासा र सिर्जनशीलता बढाउँछ। साथै, सम्प्रेषण, सहकार्य, समस्या समाधान, आत्मविश्वासको विकासमा पनि जोड दिनुपर्छ, किनकि यी सीपहरूले बालबालिकालाई भविष्यका चुनौतीहरूको सामना गर्न सक्षम बनाउँछन् । अन्ततः, आध्यात्मिक सिकाइले आत्मचिन्तन, धैर्यता र आन्तरिक सन्तुलन विकास गर्न मद्दत गर्दै समग्र व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण योगदान पुर्याउँछ।

**सांभार : कान्तिपुर ।**















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday